वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ,क्लिभर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सम्पर्क गर्नुहोस् ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १०१ ○श्रेणी 'क' ○२०७२ पुस २८ गते मंगलबार ○ 12 Jan. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफ्नालाई रोगमुक्त राखुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८५६९७०३२९६

एचएन्डबी बैंक घोटाला प्रकरण

बैंकिङ कसुरमा अहिलेसम्मकै ठूलो सजाय, शाखा प्रबन्धक सहित १४ जनालाई करोडौं जरिवाना र वर्षौं कैद

गोल्डेन न्युज संवाददाता
पोखरा २७ पुस ।

एचएन्डबी डेभलपमेन्ट बैंक कुलेश्वर शाखामा भएको घोटाला प्रकरणमा पुनरावेदन अदालतले शाखा प्रमुख निरञ्जन नेपालसहित १३ वर्ष कैद र ८६ करोड ६६ लाख रुपैयाँ जरिवानाको सजाय तोकेको छ । नेपालको हानिनोक्सानी बापतको बिगोसमेत जफत गर्ने फैसलामा उल्लेख छ पुनरावेदनका न्यायाधीश तिलप्रसाद श्रेष्ठ र चण्डीराज ढकालको संयुक्त इजलासले घोटालामा मुछिएका बैंकका शाखक मनोज चौरसियालाई पनि १३ वर्ष कैद र २९ करोड १७ लाख जरिवानाको सजाय तोकेको छ उक्त मुद्दामा सरकारका तर्फबाट बहस गरेका सहन्यायाधिवक्ता डा. टेकबहादुर घिमिरेले यो फैसला बैंकिङ कसुरसम्बन्धी मुद्दामा अहिलेसम्मकै ठूलो जरिवाना र जेल सजाय रहेको बताए ।

'बिगोको हिसाब, कसुरको तौरतरिका र डिजाइनका हिसाबले पनि बैंकिङ कसुर मुद्दामा इतिहासकै ठूलो मुद्दा हो', घिमिरेले भने,-'सत्यतथ्य पत्ता लगाउन हामीले धेरै मेहनत गर्नुपरेको थियो' घिमिरेले अनुसन्धानमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को ठूलो भूमिका रहेको बताए। 'यो मुद्दामा दुधको दूध पानीको पानी भएको छ',-उनले भने।

अदालतले मुद्दाका अर्का आरोपी बैंकका ग्राहक जयकुमार यादवलाई पनि आठ वर्ष कैद र ९ करोड ९४ लाख रुपैयाँ जरिवानासहित बिगो जफत गर्ने निर्णय गरेको छ। अदालतले मुद्दाका अभियुक्तमध्ये १४ जनालाई सजाय सुनाएको छ।

सजाय पाउनेमा शाखा प्रमुख नेपालसहित बैंकका ग्राहक चौरसिया, यादव, मणीपा पौडेल, विनश डंगोल, परशुराम देवकोटा, रिमा केसी, निर्मल नेपाल, सुरेन्द्रकुमार प्रधान, अभिन्द्रकुमार श्रेष्ठ, कुमार ढकाल, राजु सुवाल र रसेस महेश्वरी सुखानी छन्।बैंकिङ कसुर तथा सजाय ऐन २०६४ अनुरूप उनीहरूलाई कैद र जरिवानाको सजाय भएको हो।

मुद्दामा आरोपीमध्येकी बैंककी तत्कालीन प्रमुख कार्यकारीअधिकृत जसोदा सैजु, बैंक सञ्चालक पुष्पज्योति डुंगाना, बैंक कर्मचारी महेश भुसाल तथा सेवाग्राही प्रशान्त अग्रवाल, अमृत टिवडेवालासहित एक दर्जन आरोपीले सफाइ पाएका छन्। एचएन्डबीका कुलेश्वर शाखा प्रमुख नेपालले बैंकका ग्राहक चौरसियासँग मिलेर खातामा पैसा नभएको चेकमा गुड फर पेमेन्ट जारी गरेका थिए।

चौरसियाले गुड फर पेमेन्ट चेकका आधारमा ठूलो रकम तत्कालीन बैंक फाइनान्स, विभिन्न सहकारी तथा व्यक्तिसँग ऋण लिएका थिए। राष्ट्रबैंकले एचएन्डबीको काण्डपछि गुड फर पेमेन्ट चेक लिएर ऋण प्रवाह गर्न रोक लगाएको थियो। उनले ग्राहकले खातामा जम्मा गर्न आएको रकम पनि जम्मा नगरेर बैंकको भल्टमा हुने पैसासमेत चलाएर अनियमितता गरेको अभियोग थियो। बैंक तथा वित्तीय संस्थामा हुने जोखिममा सञ्चालन जोखिम अन्तर्गत एचएन्डबीको घटनालाई लिइन्छ।

बैंकमा गुड फर पेमेन्टबाट मात्र ४० करोड अनियमितता गरिएको थियो। २३ करोड रुपैयाँ बैंकको भल्टमा भएको रकम शाखा प्रबन्धकले आफ्नो तरिकाले चलाएका थिए। शाखा प्रबन्धक नेपालले गरेको अनियमितताका कारण राष्ट्र बैंकले एचएन्डबी डेभलपमेन्ट बैंकको व्यवस्थापन पनि केही समयका लागि नियन्त्रणमा लिएको थियो।

पोखराको हिमचुली विकास बैंक र बीरगन्जको बीरगन्ज फाइनान्स मर्ज भएर बनेको एचएन्डबी डेभलपमेन्ट बैंकमा कर्मचारीबाट गुड फर पेमेन्ट चेक तथा भल्टको पैसा चलाएर अनियमितता भएको घटना बाहिर आएपछि बैंकहरूले आन्तरिक नियन्त्रण प्रणालीलाई थलिो बनाउँदै लगेका छन्। सोही काण्डबाट बैंकको बदनाम भएपछि, बैंकले नाम नै परिवर्तन गरेको छ। उक्त संस्था हाल सौमाट्टी डेभलपमेन्ट बैंकको नामबाट संचालित छ। बैंकमा विभिन्न काण्ड हुन थालेपछि केही वर्षदेखि राष्ट्रबैंकले समेत नियन्त्रणमा लिएको थियो।

सीमाङ्कन हेरफेर गर्ने हो भने प्रदेश घटाउनुपर्छ-खनाल

गोल्डेन न्युज संवाददाता
पोखरा २७ पुस ।

नेकपा एमालेका वरिष्ठ नेता भलनाथ खनालले सीमाङ्कन परिमार्जन गर्ने हो भने पाँच प्रदेश मात्रै बनाउन उचित हुने सुझाव दिएका छन् । नेकपा एमाले गण्डकी अञ्चल समन्वय कमिटीले सोमवार पोखरामा आयोजना गरेको अञ्चलस्तरीय कार्यक्रम भेलालाई सम्बोधन गर्दै संविधान परिमार्जन गर्ने कुरा भैरहेको छ, यदि परिमार्जन हुने हो भने पाँच प्रदेश बनाए उपयुक्त हुने उनले बताए । उनले भने-"अहिले सीमाङ्कनलाई लिएर विवाद भैरहेका छन्, पाँच प्रदेशमात्रै बनाए विवाद अन्त्य हुन्छ ।' नेता खनालले सीमाङ्कनलाई परिमार्जन गरे देशमा आगो बल्ने चेतावनी समेत दिए । 'सीमाङ्कन परिमार्जन गरे देशभरी आगो बल्छ, त्यसैले सर्तक हुनुपर्छ'-उनले भने ।

उनले तराईमा भारतीय र अको योजनामा विखण्डनको योजना भैरहेकोले दु नेशनको अवधारणा आएको समेत बताए। पूर्वप्रधानमन्त्री खनालले दु नेशनको योजना भारतीय रअको योजनामा नेपाललाई विखण्डन गर्ने गरि स्थाइएको छन् सोही काण्डबाट बैंकको बदनाम भएपछि, बैंकले नाम नै परिवर्तन गरेको छ। उक्त संस्था हाल सौमाट्टी डेभलपमेन्ट बैंकको नामबाट संचालित छ। बैंकमा विभिन्न काण्ड हुन थालेपछि केही वर्षदेखि राष्ट्रबैंकले समेत नियन्त्रणमा लिएको थियो।

पोखराको हिमचुली विकास बैंक र बीरगन्जको बीरगन्ज फाइनान्स मर्ज भएर बनेको एचएन्डबी डेभलपमेन्ट बैंकमा कर्मचारीबाट गुड फर पेमेन्ट चेक तथा भल्टको पैसा चलाएर अनियमितता गरेको अभियोग थियो। बैंकमा विभिन्न काण्ड हुन थालेपछि केही वर्षदेखि राष्ट्रबैंकले समेत नियन्त्रणमा लिएको थियो।

उनले तराईमा भारतीय र अको योजनामा विखण्डनको योजना भैरहेकोले दु नेशनको अवधारणा आएको समेत बताए। पूर्वप्रधानमन्त्री खनालले दु नेशनको योजना भारतीय रअको योजनामा नेपाललाई विखण्डन गर्ने गरि स्थाइएको छन् सोही काण्डबाट बैंकको बदनाम भएपछि, बैंकले नाम नै परिवर्तन गरेको छ। उक्त संस्था हाल सौमाट्टी डेभलपमेन्ट बैंकको नामबाट संचालित छ। बैंकमा विभिन्न काण्ड हुन थालेपछि केही वर्षदेखि राष्ट्रबैंकले समेत नियन्त्रणमा लिएको थियो।

एक प्रदेशको माग नेपालको राष्ट्रियता एकता र सार्वभौमसत्ता विरुद्ध रहेको र त्यसका विरुद्ध अधिकारीले निधारसाधा मधेसी जनतालाई उचालेर आन्दोलनमा उतार्न गलत भएको टिप्पणी गरे। प्रशिक्षणमा पाएका गण्डकी अञ्चलका एमाले नेता कार्यकर्ताहरुको सहभागिता छ। कार्यक्रममा केन्द्रिय केन्द्रिय नेताहरुले प्रशिक्षण दिने बताईएको छ।

नेपालको संविधानमा अल्पसंख्यक समुदायको अधिकार
नेपालको संविधानमा अल्पसंख्यक समुदायको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।

- निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूहलाई अल्पसंख्यकको रुपमा परिभाषा गरिएको ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका अल्पसंख्यक लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रुपले पछाडि परेका अल्पसंख्यक समूहलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गरिने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गरिने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गरिने ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक विर्वाचित हुने सुनिश्चित गरिएको ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- गाउँ कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुईजना सदस्य हुने सुनिश्चित गरिएको ।
- नगर कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीनजना सदस्य हुने सुनिश्चित गरिएको ।
- जिल्ला समन्वय समितिमा दलित वा अल्पसंख्यकबाट जिल्ला सभाले निर्वाचित गरेको कम्तीमा एक जना सदस्य हुने सुनिश्चित गरिएको ।
- अल्पसंख्यक समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिमासमेवेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सुरक्षा तथा संघार मन्त्रालय
सुरक्षा विभाग

पार्टीभित्र जागरण आवश्यक-जोशी

गोल्डेन न्युज संवाददाता
पर्वत २७ पुस ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य नवीन्दराज जोशीले दलभित्र नयाँ जागरणको आवश्यकता औल्याएका छन् । पर्वत सदमुकाम कुश्मावजारमा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा उहिले दोरली नेतृत्वको अभावमा पार्टी खस्कँदै गएकाले पार्टीलाई गतिशील बनाउन पार्टीका सम्पूर्ण गतिविधिमा नयाँपन चाहिने बताए । "अबको महाधिवेशन बाट सशक्त, विचारीतेजक र पार्टीलाई गतिशीलता दिने खालको नेतृत्व चयन गर्नुपर्छ" उनले भने ।

चुनाव जितौ मनोनित महामन्त्री बनेका सिटौलाले कांग्रेसमा नेतृत्व परिवर्तन आवश्यकता रहेको बताउँदै आएका छन् । नयाँ पुस्ता पार्टीको नेतृत्वमा पुर्नपुर्ने बताउँदै सिटौलाले आफू पनि पार्टी नेतृत्वका लागि भेरेको छन् । धेरैले उनको यो भनाइ अन्य पद सुरक्षित गर्ने वार्गिनड छन् । राजनीतिक तिकडममा माहिर सिटौलाको भित्री इच्छा भने निर्वाचित महामन्त्री बन्ने हो । त्यो *बाँकी अन्तिम पृष्ठमा.....*

वार्गेनिङ गर्न को-को उठ्दैछन् कांग्रेस सभापतिमा ?

गोल्डेन न्युज संवाददाता
पोखरा २७ पुस ।

नेपाली कांग्रेसको १३औं महाधिवेशनको मिति आउन ५३ दिन बाँकी छ । आगामी चारवर्षे कार्यकालका लागि नीति र नेतृत्व परिवर्तन गर्ने महाधिवेशनको पूर्वसन्ध्यामा नेताले पार्टीको नीतिभन्दा नेतृत्वमा नै ध्यान केन्द्रित गरेको कार्यकर्ता नै बताउँछन् । नेताको देश-दौडाहा हेर्दा पनि त्यस्तै देखिन्छ । अहिलेका शीर्ष नेता, अधिकांश पदाधिकारी र केही केन्द्रीय सदस्य समेतले पार्टीको नेतृत्वमा दावी गर्दै सार्वजनिक रूपमा नै सभापतिमा उम्मेदवारी घोषणा गरेका छन् ।

आइतबार बसेकी केन्द्रीय समितिले निर्वाचन निर्देशिका पारित गरेपछि औपचारिक रूपमा सुरु भएको १३औं महाधिवेशनबाट चारवर्षे कार्यकालमा सभापति बन्नका लागि वर्तमान सभापति सुशील कोइराला, वरिष्ठ नेता शेरबहादुर देउवा, उपसभापति रामचन्द्र पौडेल, महामन्त्रीद्वय प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौला तथा केन्द्रीय सदस्यहरू डा. रामशरण महत, अर्जुननरसिंह केसी र सुजाता कोइरालाले आफू इच्छुक रहेको सार्वजनिक रूपमा नै मुख फोरेका छन् । तर, नेतृत्वका लागि मुख फोरेका सबैले सभापतिमा उम्मेदवारी नाँदने निश्चित छ । कांग्रेसमा अन्य पदमा वार्गेनिङका लागि सभापतिमा उम्मेदवारी घोषणा गर्ने परम्परा पुरानै हो ।

१. सुशील कोइराला : १२औं महाधिवेशनमा एकपटकका लागि भन्दै पार्टीका नेता कार्यकर्तासंग मत मागेर सभापतिमा निर्वाचित भएका कोइरालाले १३औं महाधिवेशनको मिति नजिकिँदै गर्दा पुनः सभापतिको आकांक्षा देखाएका छन् । आफ्ना आकांक्षा उनले सार्वजनिक रूपमा नै व्यक्त गरिसकेका छन् । शनिवार राजधानीमा आयोजित पुस्तक लोकार्पण कार्यक्रममा कोइरालाले पार्टीलाई एकताबद्ध बनाएर जेजान सबै व्यक्ति १३औं महाधिवेशनबाट नेतृत्वमा आउनुपर्ने भन्दै आफ्नो आकांक्षा घुमाउरो रूपमा प्रस्तुत गरे । केही दिनअघि पोखरा आएर पार्टीको कार्यक्रममा साथीहरुको चाहना आफूलाई पुनः सभापति बनाउने भएकाले त्यसबाट आफूपछि हटन नसक्ने बताएका थिए । कांग्रेस स्थापनादेखि अहिलेसम्म नेतृत्वमा हालिमुहाली गरेको कोइराला परिवारको वंशावलीलाई कांग्रेसमा निरन्तरता दिन पनि पुनः सभापतिमा सुशीलले नै उम्मेदवारी दिनुपर्ने तर्क गर्दै संस्थापन पक्षको एउटा गुट लागिरहेकाले उनले आफ्नो इच्छा नहँदानहुँदै पनि उम्मेदवारी दिनुपर्ने अवस्था आउने देखिन्छ । उनी फेरि पोखरा आउँदैछन् । पोखरामा के भन्ने हुन् त्यो हेर्न बाँकी छ ।

२. शेरबहादुर देउवा : पार्टी फुटाएर नयाँ पार्टी निर्माण गरी पुनः एकीकरण गरेका नेता देउवा १२औं महाधिवेशनमा सभापतिमा सुशीलसँग पराजित भएका थिए । १३औं महाधिवेशनमा पनि सभापतिमा आफ्नो उम्मेदवारी बाबी गर्दै प्रचार-प्रसारका लागि देश डौडाहामा लागेका छन् । राजधानीको नयाँ बानेश्वरमा (कृष्णप्रसाद भट्टराई कांग्रेस सभापति हुँदाको पार्टी कार्यालय) मा सम्पर्क कार्यालय खोलेर कार्यकर्ता भेटघाट पनि तीव्र बनाएका छन् । १३औं महाधिवेशनमा तपाईको दावेदारी हो भन्ने सञ्चारकर्मीसँग जिज्ञासामा उनले भन्ने गरेका छन्, 'म पार्टीमा अहिले पनि दोस्रो पोजिसनमा छु । दोस्रो पोजिसनमा भएको व्यक्तिको आकांक्षा पहिलो पोजिसनमा जाने वा नेतृत्व गर्ने हुन्छ । मेरो दावेदारी त्यसैमा रहन्छ ।'

३. रामचन्द्र पौडेल : उपसभापति पौडेलले आफ्नो गृहजिल्ला तनहुँमा एएर गत महिना नै १३औं महाधिवेशनमा आफ्नो दावीदारी सभापतिमा रहने घोषणा गरेका थिए । त्यसलाई जिल्ला-जिल्लामा सार्वजनिक भाषणमा दोहर्याइरहेका छन् । उनले पनि अनामनगरमा सम्पर्क कार्यालय खोलेर कार्यकर्तालाई भेट्दै आफूलाई एकपटकका लागि सभापतिमा सहयोग गर्न आग्रह गर्ने गरेका छन् । पार्टीमा कार्यकर्ताको संरक्षण गर्न सक्ने नेताका रूपमा परिचित तर सैद्धान्तिक विषयमा राम्रो दखल राख्ने नेता पौडेलको भनाइ र गराइमा एकरूपता नदेखिने भएकाले धेरैले उनको सभापतिमा उम्मेदवारी घोषणामै सीमित हुने हो कि भन्ने आशंका व्यक्त गर्न थालिसकेका छन् ।

४. प्रकाशमान सिंह : १२औं महाधिवेशनका निर्वाचित महामन्त्री सिंहले आफ्नो उम्मेदवारी कन्डिसनल रूपमा सभापतिमा रहने बताएका छन् । उनको यो भनाइलाई धेरैले अन्य पदको वार्गेनिङका रूपमा पनि अर्थ्याएका छन् । सीतका अनुसार उनको वार्गेनिङ कि उपसभापति बनाउने निश्चित गर्नुपर्यो, नभए पुनः महामन्त्रीका लागि टिकट दिनुपर्यो भन्ने छ । यसो नगरे आफूले सभापतिमा उम्मेदवारी दिने धम्की कोइरालालाई उनले धम्की दिइरहेको स्रोत बताउँछ । ०४५ सालको जनआन्दोलनका कमान्डर गणेशमान सिंहका सुपुत्र प्रकाशले सार्वजनिक रूपमा पनि कार्यकर्ताले चाहेमा सभापतिमा उम्मेदवारी दिन पनि आफूपछि नपर्ने बताउँदै आएका छन् । धेरैले उनको यो भनाइ अन्य पद सुरक्षित गर्ने वार्गेनिङ हुन् । राजनीतिक तिकडममा माहिर सिटौलाको भित्री इच्छा भने निर्वाचित महामन्त्री बन्ने हो । त्यो

५. कृष्णप्रसाद सिटौला : १२औं महाधिवेशनमा खुला तर्फका २४ केन्द्रीय सदस्यमध्ये १४औं नम्बरमा

के तपाई नेपालमै केही गर्न चाहानुहुन्छ ?
रोजगारीका लागि विदेश जानुं भन्दा आफ्नै भूमिमा गरेर आफ्नालाई भन्दा चाहानुहुन्छ भने तपाईको रोजाई भन्न सक्छ ।
★ सिर्जना मिनी मार्केट ★
पोखराको नयाँ रिजर्भेसनमा स्थित मेट्रोपिटी हस्पिटल अगाडी पर्खिदै कृषिका तरकारा लगायत लगायत दैनिक उपभोग्य वस्तुहरु थोक तथा खुद्रामा बिक्री गरिने सुबिधा सहितको मिनी मार्केट खुलेको छ ।
यहाँ मासु, खाद्यान्न, फलफुल, तरकारी, लताकपडा व्यवसाय गर्न सकिन्छ ।
कृषिकुरा लागि सम्पर्क : ९८४६०२०३०३, ९८४६०२०३०४ (सिर्सिया)

सुन्दर हेयर एण्ड ब्युटी
हामीकहाँ लेडिज एण्ड जेन्टसको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मनुका साथै ब्राइडेल ग्रुमिङ्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेकी केयर, पेडी केयर पनि गरिन्छ ।
प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।
सम्पर्क: ९८४६८५४३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग मा किन ?
तपाईले खोजेका कुनैपनि मुगलाहरुका ब्राण्डका कपडाहरुका लागि,
तपाईले भनेको समयमा आकर्षक एवम् मुगलाहरु मिलाईका लागि,
आकर्षक तथा आधुनिक डिजाइनका लागि,
आकर्षक कोटका लागि मुगलाहरुमा पेरिङ्ग मेसिन प्रयोग गरिने,
महिलाको साथा, सहभाग र विश्वासको विस्तारताको लागि,
अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पुर्ण पोशाकका लागि ।
हाम्रो साथमा धेरै बबिन टेलरिङ्गबाट सिलाई सिक्नुहुन्छ ।
बबिन टेलरिङ्ग सुटिङ्ग एण्ड सुटिङ्ग
पोखरा, बागलुङ्ग, नयाँबजार (नवलपरासी बर्दघाट)
फोन: ०६९-५२०५२०
DIGANA Ashwin OCM Bulli

■ अरुको भनाइ अनुसार सधै नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। **- सेक्सपियर**

सम्पादकीय ...

नगर-गाउँ परिषद् र विकास

स्थानीय निकाय अन्तर्गत नगरपालिका, गाउं विकास समितिहरुको अहिले धमाधम परिषद सम्पन्न गर्ने कार्य अघि बढेको छ। आज मंगलवार पोखरा उपमहानगरपालिका र लेखनाथ नगरपालिकामा पनि नगरपरिषद हुँदैछ। जनताका प्रतिनिधिहरु नहुँदा अहिले नगरको निम्मा नापका कार्यकारी अधिकृत र गाउं विकासको जिम्मा सचिवलाई दिईएको छ। गाविसको परिषदले गाउंमा कुन क्षेत्रलाई कति बजेट विनियोजन गर्ने र कस्ता नीति अवलम्बन गर्ने भन्ने काम गर्छ। नगरपालिका र गाविसको परिषदले सम्पूर्ण क्षेत्रलाई समेट्न नसकेपनि केही हदसम्म भने विकास निर्माण पुऱ्याउन पुलेसो समेत काम गर्दै आएको छ। स्थानिय राजनीतिक दल, समाजसेवी, बुद्धिजीवि र विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागितामा बजेट बाँडफाँड गरिन्छ। नगर र गाउं परिषदमा पनि राजनीतिक शक्ति केन्द्रको आडमा आफ्नो क्षेत्रमा धेरै बजेट पार्ने पुरानै शैली अहिले पनि कायम रहेको छ। नगर तथा गाउं परिषद जसको शक्ति उसैको भक्तिवाट चल्ने हुँदा पिछडिएको क्षेत्र बजेटबाट समेत विमुख भएका थुपै उदाहरणहरु छन्। परिषद विशेषगरी विकास निर्माणमा मात्रै केन्द्रित हुंदा मानव विकास भने पछि धकेलिएको छ। समाजमा व्याप्त रहेको गरिबी, अशिक्षाका कारण नेपाली समाजको विकास कम पछि धकेलिएको छ। गाउं-गाउंमा मोटरवाटो पुऱ्याए मात्र विकास हुन्छ भन्ने हाम्रो चिन्तनका कारण समाजमा केही यस्तो समुदाय छ जो सधैं अशिक्षा र गरिबीको जाँतोमा पिल्सिएर वाँच्नु परेको छ। बजेटको प्राथमिकतामा जति बजेट पछि त्यसको केही अंश भएपनि समाज विकासको क्षेत्रमा लगाउने हो भने विकास स्वयं हुन्छ भन्ने कुरा हामीले जवसम्म बुझ्दैनौं तवसम्म नेपाल मानव विकासको सूचकांकमा सधैं पछि नै परिरहने छ। अहिले पनि गाविसको बजेट सडकमै खर्चिने संभावना बढेर एएको छ। किनभने अहिले जतिपनि गाविसका परिषद सम्पन्न भएका छन् ति परिषदले मोटरवाटो धेरै बजेट विनियोजन गरेका छन्। राजनीतिक दलका सहि विकासको मोडेल नहुँदा दुर्गम गाउँका जनताले स्थानीय निकायको महशुश समेत गर्न पाएका छैनन्। बजेटले शिक्षा जस्तो संवेदनशिल क्षेत्रमा पर्याप्त मात्रामा बजेट विनियोजन गर्ने हो भने भौतिं दक्ष जनशक्ति उत्पादन हुन्छ र त्यसले समाज विकासमा योगदान दिन सक्छ। अझै पनि नगर क्षेत्रकै केही दलित बस्तीका बालबालिकाहरु जनचेतनाको अभावकै कारण विद्यालय जान सकेका छैनन्। नगर क्षेत्रमै दलित समुदायको कन्तविजोग छभने दुर्गम क्षेत्रका दलित समुदायको कस्तो हालत होला एकपटक सोच्ने हो की ? बजेटमा राजनीतिक दलको हालीमुहाली हुने र पिछडिएको समुदायको पहुँच नपुग्दा यसको वितरण प्रणाली नै त्रुटिपूर्ण रहेको छ। पिछडिएको समुदायलाई बजेटमा सम्बोधन गर्नको लागि उनीहरुको समस्या उनीहरु कै आँगन गएर बुझ्न जरुरी छ। बजेटको असमान वितरणले हुने सधै हुनेखाने र नहुने सधै गरिबीको रेखामुनी वाँच्नु परेको छ। गाउं परिषदले बजेट बाँडफाँड गर्दा विकासको नाममा मोटरवाटो मा होइन शिक्षा, जनचेतनामूलक कार्यक्रमका लागि पनि सम्बोधन गर्न जरुरी छ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल पौष २८ गते मंगलवार, तदनुसार जनवरी १२ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कौलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। हेमन्त ऋतु चलिरहेको छ। चान्द्रमास अनुसार पौषशुक्लपक्ष चलिरहेको छ। सौरमास अनुसार आज पौषशुक्लपक्षको तृतीया तिथि अहोरात्र रहनेछ। आज सूर्य धनु राशिमा, चन्द्रमा मकर राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि ११ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५८ मिनेटमा जयदेव मूहर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २७ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : पुरानो कार्यबाट आम्दानीमा एकाएक वृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ।

वृष : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ।

मिथुन : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो भई कार्य शुरु गर्नुहोला।

कर्कट : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपुर्ण रहनेछ।

सिंह : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला।

कन्या : मिश्रहस्तार सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वाश्थ्य व्यञ्जन प्राप्त हुनेछ।

तुला : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिंचलो नगर्दा दिनभर चिन्ता पर्नेछ।

वृश्चिक : शङ्कायट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले दूर्ने रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुने।

धनु : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुँदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब रहनेछ।

मकर : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ।

कुम्भ : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला।

मीन : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसंग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइने ठाउंमा सरिक हनु पाइनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

घुँडा नटेक्ने सरकार र खुट्टा नटेक्ने तस्करी धन्दा

नेपाल भारत सम्बन्ध सधैं विवादमा रह्यो। तर, यो विवाद विलकुलै मौसमी भयो। सुगौली सन्धीदेखि नेपाल अर्धऔपनिवेशिक स्वरुपमा वर्दलियो। एक सार्वभौमसत्ता सम्पन्न मुलुक नेपाल र भारत आफ्नो मुलुकलाई चाहिने हातहतियारलगायतका सुरक्षा चासोका सामग्री तेस्रो मुलुकबाट ल्याउन पर्ने एकअर्कालाई सोध्नुपर्ने प्रावधान राखियो।

यही प्रावधान भारतका हकमा पनि छ। तर, भारतले नेपाललाई कहिल्यै सोधेनै र, नेपालले किन सोधेन भनी कैहिल्यै सोध्ने अँट पनि आजसम्म गरेको छैन। अनि त लफडा पर्छ बेलाबेलामा। देश विभाजित हुन्छ राष्ट्रवादी र राष्ट्रघातीमा। यो चक्र अझै फेरि तल्किए गयो। सत्ता प्राप्त गर्ने र सत्ता जोगाउने मामिलासमै पुग्यो। राणा शासनको निरन्तरता राणाले तात्कालीन अंग्रेज शासकलाई रिझाउन सकेका कारणले भएको थियो। जब भारत अंग्रेजबाट स्वतन्त्र भयो तब नेपालमा पनि प्रजातन्त्रका लागि लडाई आरम्भ भयो। कांग्रेस शैतियार लिएर मुक्ति सेना बनाई राज्यको सेनाविरुद्ध लड्दै गरे भने राजा त्रिभुवन दरबार छाडेर भारतीय दूतावासमा शरण लिए र, भारत निर्वासन भएर लडे।

आखिर त्रिपक्षीय शक्ति राजा र कांग्रेसबीचको दिल्ली सम्झौता हुन्छ, राजालाई राजा मान्ने राणालाई प्रधानमन्त्री मान्ने र विधानसभाको चुनाव गराउने। यसपछि नेपालमा प्रजातन्त्र आयो त्रिभुवन राजालाई प्रजातन्त्रप्रेमी भनियो। यही दिवस आज पनि मनाइदैआएको छ। समय फेरियो। एक दसकपछि राजावाट कू भयो। देशमा दलमाथि प्रतिवन्ध लाग्यो। २००७ सालका प्रजातन्त्र सेनानी २०१७ सालपछि फेरि प्रजातन्त्रका लागि लडाई गर्नेहरु अर्काप्ट्य तत्कमा वर्दलिए। ३० वर्ष लामो पंचायतका वखत स्वतन्त्रताको कुरा गर्नेजति अराष्ट्रिय तत्वमा वर्दलिए। उनीहरुले जे मागे नि भारतले भनेको जे गर्न खोजे पनि बोल्न हुँदैन, मारन हुँदैन देश भारतले खान्छ भनियो। र, आफ्नो शासन लम्ब्याइयो यो क्रम २०३६ सालमा बहुदल माग्नेदेखि २०४६ सालमा आन्दोलन गर्नेसम्म, २०५२ सालमा जनयुद्ध गर्नं देखि २०६२/६३ मा संघीयता र गणतन्त्र माग्नेसम्म यही आरोपमा प्रताडित भए आखिर त्यस्तो त केही भएन।

२०७२ साल असोज ३ गते संविधान जारी गर्ने कि मधेस र थारुको आवाजको सम्बोधन गर्दै उनीहरुका पनि स्थामित्व स्थापित गरी जारी गर्ने? कि बहुमतको वलमा गर्ने? विभाजित हुंदा बहुमतको वलमा सेना परिचालन गरेर भए पनि संविधान जारी गर्ने निष्कर्षले जित्यो। उनीहरु राष्ट्रवादी र सबैको स्थामित्व स्थापित गरी जारी गरौं भन्ने अन्तर्गोष्ठिय हुन पुगे। अझै अधिकारको माग गर्दै आन्दोलन गर्ने मधेसी थारु जनजाति, दलित र महिला त झन वेरी खान लागेका विखण्डनकारी ठहरिए।

आन्दोलनकै वलमा सत्तामा पुगेकाका पनि भाषा वर्दलियो राज्य दुलुदुल हेरेर बस्दैन भनी मन्त्रीहरुले त चन्द्रक के टेक्न दिएको हो र नपइकाउने भए समेत भने। संविधान संशोधन गर्ने गरी कुनै हालतमा घुँडा नटेक्ने फर्सान जारी गरी राष्ट्रवादीको असली परिभाषा पनि जारी गरे। तर संविधान जारी गरेको तेस्रो दिन संविधान संशोधन गर्न तयार रहेको वताउँदै क्यविनेटवाट संशोधन प्रस्ताव पनि पारित गर्दै संसदा दर्ता नै गराए।

अव संविधान संशोधन गर्न हुन्न भनी राष्ट्रवादी संशोधन गर्न पर्छ भन्ने राष्ट्रघाती भिए। तीन दिनमै त्यो मोर्चा वर्दलियो राष्ट्रवादीहरु संशोधन गर्न पर्छ भन्ने राष्ट्रघाती किताममा आए। फेरि पनि उनीहरु राष्ट्रवादी नै रहे। होइन यो राष्ट्रवादीको किता हुन्छ कि मान्छेहरु हुन्छन् कुनै वेला राजा भएको मुलुकमा गणतन्त्रको कुरा गर्ने वयलगाडा चढेर अमेरिका पुगिन्छ भनेजस्तै हो भन्ने। आज वहाँ नै गणतन्त्र नेपालको खाँटी प्रधानमन्त्री हुनुहुन्छ। कुनै वेला महाकाली सन्धीमा देश विभाजित भयो। एमाले भन्ने पार्टी पनि विभाजित भयो। सोका लागि भारतले अरवौं रुपैयं खर्चेको चर्चा निकै थियो। त्यसवेला खाने मध्येका आज प्रधानमन्त्री हुनुहुन्छ। तर वहाँ ते घुँडा नटेक्ने राष्ट्रवादी मात्रै होइन पृथ्वीनारायण सरह नै भइसक्नुभयो र भन्ने पनि कुरा आउँछ। कुरा वुझी नसक्नु छ। हामी कसैले भनेर संविधान संशोधन गर्दैनौं, हामी घुँडा टेक्दैनौं, नाकावन्दी गरे साइकल चढ्छौं भन्ने वाणी सुनिएका थिए। तर आजसम्म कसैले साइकल चढेको पनि छैन। लावालस्कर गाडी छाडेको पनि छैन। तीं गाडी पानीले चल्ने पनि होइन।

संविधान संशोधन गर्न घुँडा नटेक्नेले घुँडा टेकेका पनि छैनन्। तर संविधान संशोधन विधेयक त प्रक्रियामा गइसक्यो। आखिर भयो के? एकजना जान्नेमान्ने लेखकले भन्नुहुन्थ्यो, घुँडा टेक्दैनौं रे नाक टेक्दिनं भनेका त छैनन् नि। नाक त वाँकी छ नि ?

आज त्यही पो सहीसावित भयो त। प्रधानमन्त्री हुनासाथ भारत जाने प चलन रहेकोमा हालका प्रधानमन्त्रीले भन्नुभयो, कहां लेखेको छ भारत पहिला जान पर्छ भन्ने? तर चीन होइन, भारत नै पहिला जाने तयारी गरिसक्नु भयो।

व्यापार विविधिकरण गर्ने भारतले नाकावन्द गरे चीनवाट ल्याउने गुही हाँकेको हाकेंद्र गरियो। आजका मितिसम्म अनुदान वाहेक भारतको विकल्प भनेर तेलको थोपा पनि आएन। कुनै सम्झौता पनि सरकारले गरेन। सरकारले नै भन्यो, १ नं. व्यापारीले धन्की दिए धन्न २ नं. व्यापारीले कालोवजारवाट भए पनि तेल ल्याए र, आपूर्ति मात्रै गरेनन् सताधारीका २ नं. अर्थत्व पनि वलियो वनाइदिएकाले धन्यवाद पनि प्राप्त गरे।

२५ वर्षमा मुलुकको अर्थत्व पहिलो पटक ऋणात्मक हुँदैछ भन्ने समाचार आए। सरकारलाई यस्ले छोएन। किनकि यस्ले सरकारलाई के फरक पार्छ र? ६/६ जना उपप्रधानमन्त्री वनाउँदा त दुई हजार जावोको फरक पर्ने हो भनेर सरकार हावामा उडाइदिन्छ। त्यासको हाहाकार छ। प्रधानमन्त्री पाइपमा त्यस ल्याइदिन्छ भन्छन्। दिनमा १८ घण्टा लोडसेडिङ हुँदैछ। प्रधानमन्त्री एकै वर्षमा लोडसेडिङ मुक्त गर्छु भन्छन्। जव कि राष्ट्रिय गौरवको आयोजना घोषणा गरिएको कुनै पनि अवस्थामा वजेट अभाव हुन नदिने घोषणा गरिएको थियो। तर पचहत्तर प्रतिशत काम सकिएर नि ती आयोजनाको काम ठप्प छ। सरकारलाई वास्ता छैन।

भारतको नाकावन्दी गरेर के भो, हामी चीनवाट सामान ल्याउँछौं भनी नथाको सरकार भुकण्ण्या वन भएको नाका आज नौ महिना वितिसक्यो, मर्मत गर्न सक्वैन। मर्मत गर्ने पर्याप्त वजेट पनि छुट्याउने जोगर गर्दैन। अनि केका लागि राष्ट्रियता? केका लागि राजनीति? केका लागि मन्त्री भन्ने कुरामा प्रश्न उठेको छ। आखिर एकाथरी मानिस प्रजातन्त्र नआए हुन्थ्यो भन्यो। उनीहरुलाई प्रजातन्त्र मन नपरेर होइन, प्रजातन्त्रमा तस्करी गर्न पाईदैन भनेर थियो।

एकाथरी मान्छे आन्दोलन नरोकिए हुन्थ्यो भन्यो। उनीहरुलाई आन्दोलनको माया भएर होइन रोछ, आन्दोलन रोकिए आन्दोलनका नामका गर्न मनपरी गर्न पाईदैन भनेर रहेछ। यसैगरी एकाथरी मानिस

खिमलाल देवकोटा

जनयुद्ध नरोकिए हुन्थ्यो, माओवादीले हतियार नबुझ्दा हुन्थ्यो भनेका थिए। उनीहरुलाई माओवादीको माया भएर थिएन रहेछ। हतियारको तस्करी गर्न पाईदैन भनेर रहेछ।

ठीक यसैगरी आजभोलि घुँडा टेक्दैनौं भन्नेहरु राष्ट्रवादी भएर होइन रहेछ। तस्करीधन्दा वन्द हुने चिन्तले रहेछ। सवैभन्दा वढी सरकारका मन्त्रीले भन्दारहेछन्। गच्छेअनुसार तस्करीको भागशान्ति पाउने भएकाले भन्दा रहेछन् भन्ने कुरा तिनका प्रवृत्ति विश्लेषण गर्दा थाहा पाइयो। अव तस्करीमा संलग्न नभएका र तस्करीको भागवण्डामा संलग्न नभएकाले भनैपर्ने भयो कि घुँडा टेक वा नटेक हामीलाई वाल मतलव छैन। अधिकार मान्नेका मात्र पनि पुरा हुन पर्योे। त्यास मान्ने, तेल मान्नेका मात्र पनि पुरा हुन पर्योे। तिम्रो तस्करीको आम्दानी घटे घटोस्, हामीलाई सहज आपूर्ति चाहियो। यो वहानामा मधेसका जायज मागं पनि पुरा नगर्ने नआए भोलि आन्दोलन वार्तावाट समाधान पनि नगर्ने र भारतसँगको सम्बन्ध सुधार गरी अघोषित नै भए पनि नाकावन्दी पनि नहोस्ने काम अव गर्न चाहिदो। अव सरकारको राष्ट्रवादको मुकुण्डो तस्करीधन्दामा माया भएर राम्रो उजागर भएको छ। सरकार तिम्रो यो धन्दा धेरै दिन चल्दैन। चल्न पनि हुँदैन।

साभार : सेतोपाटी डटकम

ग्रामिण क्षेत्रको जनश्रमदान दर घटाउन मिजुरेवासीको सुझाव

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ पुस।

मिजुरेका नागरिकहरुले नेपाल सरकारले ल्याएको वीस प्रतिशत नगद जनसहभागीताका कारण योजना कार्यान्वयनमा चुनौति थपिएको गुनासो गरेका छन्। स्थानीय निकाय क्षेत्र परिचालन तथा व्यवस्थापन कार्यविधि स्थानीय तहमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुमा कम्तिमा २० प्रतिशत नगद जनसहभागिता जुटाउनुपर्ने प्रावधान तोकेको छ। तर सोही प्रावधानका कारण योजना सम्पतिा पनि नहुने गरेको गाविस सचिवहरु बताउँछन्। गाउंमा उपभोक्ता समितिमा वस्ने मान्छेहरु नै पाईदैनन्, उनीहरुले भने-वसेकाहरु पनि जनसहभागिता जुटाउन नसक्दा योजना सम्कौता गर्नै मान्दैनन्। मिजुरेडांडा गाविसका स्थानीयहरु पनि नगद जनसहभागिता जुटाउनुपर्ने कानूनी प्रावधानले उपभोक्ता समितिमा वस्ने मान्छे पाउनै गाह्रो हुन थालेको गुनासो गर्छन्। वसाईसराईका कारण गाउं खालि भैसक्यो, स्थानीय लाल वहादुर गुरुङ भन्छन्-को संग जनसहभागिताको रकम जुटाएर जम्मा गर्ने हामीले ? अहिलेसम्म व्यक्तिगत सम्पत्ति धरौटि राखेरै विकासको काम गरेपनि अव यस्तो प्रावधान कार्यान्वयन गर्न नसक्ने उनको भनाई छ। त्रिभिन कारकीले गाविस क्षेत्र र शहरी क्षेत्रमा समान श्रमदानको व्यवस्था गरेकाले त्यसलाई परिमार्जन गरि ग्रामिण क्षेत्रको जनश्रमदानको दर घटाउनुपर्ने स्थानीयहरुको सुझाव छ।

मिजुरेडांडा गाउं विकास समितिको २४ औं गाउं परिषद् तथा चालु आर्थिक वर्षको पहिलो सार्वजनिक सुनवाई कार्यक्रममा उनीहरुले यस्तो गुनासो गरेका हुन्। पंचकार पुकारा वडाकार्यले गाउंमा वत्ति र वाटोको विकास विस्तार हुन नसकेको, गाउं शिक्षा समिति गठन हुन नसकेको, विकासका काममा जिल्ला र केन्द्र तहवाटै उपेक्षा गरिएको, गैससहरुले परिषदमा कार्यक्रम पेश नगरेका, लक्षित समूहका कार्यक्रममा टाठावाठाले निर्णय गर्न गरेका लगाएकाे गुनासो गरे। जवाफमा गाविस सचिव अधिराम सुवेदीले वस्ति स्तरवाटै योजना छलौट र वजेट विनियोजन गरिएकाले टाठावाठाले दवाव नदिएको वताए। गाउं शिक्षा समिति गठनका तयारी भएको वताए। गाविसका महिलाकी प्रतिनिधित्व हुने भएकाले सहकारीमा वजेट विनियोजन गरेको वताएका छन्। कानून अनुसार यसरी एकातिर मात्रै वजेट दिनु यसलाई सुधार गरेर लैजाने उनको प्रतिवद्धता छ। यस्तै गाविस स्तरीय राजनीतिक दलका प्रतिनिधिहरुले पनि गैरकानुनी रुपमा सञ्चालन भैरहेका योजनालाई तत्काल परिवर्तन गरी कानून र निर्देशका अनुसार सञ्चालन गर्ने प्रतिवद्धता जनाए। शिक्षाका लागि विनियोजित वजेट पनि गाउं शिक्षा समिति तत्काल गठन गरी सोही समिति मार्फत कार्यान्वयन गराउने र लक्षित समुदायका वजेट पनि तत्काल कार्यक्रम वनाई डेब्विने गरी काम गर्ने उनीहरुको प्रतिवद्धता छ। यो परिषदवाट मिजुरेडांडा गाउं विकास समितिले करिव २१ लाख रुपैयंको वजेट तथा कार्यक्रम पारित गरेको छ।

दृश्यस्तम्भ संचालनमा

पोखरा २७ पुस।

शुक्लागण्डकी नगरपालिका-१ भुंजिकोटमा रहेको दृश्यस्तम्भ सञ्चालनमा आएको छ। समुद्री सतहवाट एक हजार ३३ मि उचाइमा रहेको उक्त दृश्यस्तम्भ रु १६ लाखको लागतमा निर्माण भएको हो। त्यहांवाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरि, मनास्लु हिमशृङ्खलाका साथै रुपा, वेगनास र फेवातालसमेत देख्न सकिन्छ। त्यहांवाट हेर्दा तनहुं, लमजुङ, गोरखा, नवलपरासी, पाल्हि, कास्की, स्याङजाका हरियाली डाँडाकाँडा, समथर भूभाग, धौलीटार, दुलेगौंडा, दमौली र पोखराका रमणीय वजारका साथै नागवेली देखा पर्ने भएकाले यो स्थान पर्यटकलाई आकर्षण गर्ने वताइएको छ।

तालिम शुरु

पोखरा २७ पुस।

स्थानीयलाई सकरात्मक सोच र वोल्ने कलाको विकासको लागि पोखरा-२१, काहुँमा चार दिने तालिम शुरु भएको छ। नेपाल रेडकस सोसाइटी काहुँ उपशाखाको आयोजनामा शुरु कार्यक्रमको रेडकस कास्कीका मन्त्री कृष्ण तिमील्सिनाले उद्घाटन गरे। सो अवसरमा वोल्दै उनले विद्यमान अवस्थामा सकारात्मक सोच र वोल्ने कलाको महत्व झन वढ्दै गएको वताए। काहुँ उपशाखाका सभापति कृष्णप्रसाद आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा उपशाखाका संस्थापक सभापति एवम् कास्की शाखाका सदस्य इश्वरीप्रसाद आचार्य, पोखरा उपमहानगरपालिका वाड नं. २१ का सचिव कविन्द्र कुंवर, उपशाखाका सचिव इन्दिरा आचार्य लगायतले वोलेका थिए। रेडकस अभियान र सकारात्मक सोचवारे कृष्ण तिमील्सिना र उद्घोषण कलासम्बन्धी पत्रकार राजन उपाध्यायले सहजिकरण गर्नेछन्। तालिममा रेडकस र टोल विकास संस्थाका गरी २५ जनाको सहभागिता रहेको छ। तैदिङ्गक तथा समावेशीकरण समितिको व्यवस्थापनमा भएको तालिम वुधवार सकिने छ।

तु अवश्यकता

काउन्सिलर/रिसेप्शनिष्ट -२/२ जना
प्यारामेडाईडङ रिसेप्शनिष्ट-२ जना
हेटल म्यानेजर/रिसेप्शनिष्ट-१/२ जना
सेल्स म्यान्/मर्त्स -२/२ जना
वाइक/स्कुटी लाइसेन्स भएको - ४ जना
कम्पाउण्डिर/हेल्पर -१०/४ जना
कुक/कुक हेल्पर/वेटर -२/३/४ जना
A.N.M./C.M.A./हस्तकर्म -३/४/१ जना
सम्पर्क गर्नुहोस्टेल्ली बुढाथोक पोखरा
०६१-४३५४७०, ५४४८२, ४८४१५५४८०

बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् । सम्पर्क
९८२६५-०६६०२

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन गैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :- **तयारी कक्षा छिनाछिन चलिरहेको छ ।**
०शतप्रतिशत उत्तीर्ण गराउन सफल ०आफ्नै मेनपावर कम्पनीबाट प्रशिक्षण गराइने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुलतिपाय विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं ३०,
फोन:०६१-५२०५२९, मो. ९८४६०-४१९२०

"रंगहरुको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगशेगटका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल इंस्पायराका साथै सिपेकको समस्या साबधान , वाटर प्रुफिङ्ग गरिन्छ ।

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३२३६३५१

अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

दोस्रो वार्षिकोत्सव मनाउँदै रेडियो जननी

गोल्डेन न्युज संवाददाता
पोखरा २७ पुस ।

रेडियो जननीले आफ्नो दोस्रो वार्षिकोत्सव विविध कार्यक्रम गरि भव्यताका साथ मनाउने भएको छ । उद्यमशिलता, स्वतन्त्रता र समानताको नारालाई आत्मसात गर्दै स्थापना भएको पद्मावती मिडिया प्रालिद्वारा संचालित रेडियो जननीले मार्च ८ का दिन दोस्रो वर्षमा प्रवेशको अवसरमा विविध कार्यक्रम गर्न लागेको सोमवार एक कार्यक्रमका बीच जानकारी गराएको छ । रेडियो जननीका स्टेशन म्यानेजर विमला भण्डारीले वार्षिकोत्सवका अवसरमा रेडियोले पोखराका २९ वटै वडाका कियाशिल महिलाहरुको समूह मध्ये उत्कृष्ट ३ वटा समूहलाई जननी अवार्ड-२०७२ बाट सम्मान गरिने बताइन । उनले विभिन्न क्षेत्रमा संकिय रुपमा लागेका महिलाहरु लाई जननी सम्मान-२०७२ बाट सम्मान गरिने बताउदै यस वर्ष पनि अघिल्लो वर्ष जस्तै स्मारिका प्रकाशनलाई निरन्तरता दिइने जानकारी दिइन । जननी अवार्ड २०७२ का संयोजक उज्ज्वल खत्रीले महिलाहरुले समाजमा गरेका कामको मूल्याङ्कन गर्दै जननी अवार्ड र जननी सम्मान गर्न लागिएको बताउँदै यस्ता सम्मानहरुले महिलाहरुलाई समाजमा अझ सशक्त भएर लाग्ने प्रेरणा मिल्ने बताए । उनले सबै महिला दिदि बहिनीहरुलाई मार्च ८ का दिन सम्मान गरिने बताउदै आफ्नो हरुले गरेको कामको लेखाजोखा गर्न आग्रह गरेका छन् । जननी अवार्ड छनोट समितिका सदस्य लोकदर्शन कोइरालाले महिलाहरुलाई सशक्त बनाउने उद्देश्यले जननी अवार्डलाई निरन्तर दिएको बताए। उनले महिला समन्वय समितिका प्रतिनिधिहरु लाई जननी अवार्डमा सहभागिताका लागि फर्म भर्ने तरिका, फर्ममा समावेश गर्ने विषयवस्तुको बारेमा जानकारी दिँदै पारदर्शिताका साथ फर्म भर्ने आग्रह गरे ।

रेडियो जननीका अध्यक्ष हिरा भट्टराईले महिला उद्यमीद्वारा सञ्चालित र महिला मात्र कार्यरत रेडियो जननीले विगतका दिनहरुमा महिलाहरुलाई समाजमा अग्रसरता गराउनका लागि विभिन्न तालिमहरुको आयोजना गरी महिलाहरुलाई सक्रिय गराएको स्मरण गर्दै दोस्रो वार्षिक उत्सव भव्यताका साथ सम्पन्न गर्न सहयोगका लागि आग्रह गरे । कार्यक्रममा २९ वटै वडाका महिला समन्वय समितिका प्रतिनिधिहरु लाई जननी अवार्डमा सहभागिताका लागि फर्म वितरण गरिएको थियो ।

गोल्डेन न्युज राष्ट्रिय दैनिक अनलाइनमा पदम
Log on :
www.goldennews.com.np

कास्कीका सापकोटा वन्धुहरुको भेला

गोल्डेन न्युज संवाददाता
पोखरा २७ पुस ।

कास्की जिल्लाभर फैलिएर बसेका सापकोटा वन्धुहरुको भेला आगामी माघ २६गते धुमाकोढाडाँ गाविसको तारकाड स्थित काडेमा हुने भएको छ। सापकोटा कल्याण केन्द्र कास्की साखाका अध्यक्ष ऋषिराम सापकोटाको अध्यक्षतामा बसेको चौथो बैठकले साधारण सभा तथा भेला गर्ने निर्णय गरेको सचिव रामचन्द्र सापकोटाले जानकारी दिएका छन् बैठकले भेला तयारीका लागि वृहस्पति सापकोटा र टंकप्रसाद सापकोटालाई संयोजकको जिम्मा दिएको छ भेलाले सहकारी गठन तथा वनभोज समेत गर्ने भएको छ।

वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudabi-Qbai कतार, साउदी आदिमा सेक्युरिटी गार्ड, कुक, वेटर ड्राइभर, अफिस ब्वाई, रुम ब्वाई लगायतका काममा जान चाहने व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला । साथमा Abudabi को Spark Middle Est Star Skill force UAE को DPS कतारको Grup-4, बहरानइन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि. बाट अन्तर्राष्ट्रिय स्तरको Diphomatic सेक्युरिटी गार्डाइ जान चाहनेहरुलाई यस प्रा.लि. बाट अन्तर्राष्ट्रिय स्तरको Diphomatic सेक्युरिटी गाड

पोखरा महोत्सवमा सक्दो सहयोग गर्ने प्रतिवद्धता

गोल्डेन न्युज संवाददाता
पोखरा २७ पुस ।

छैठौं पोखरा महोत्सवलाई सफल बनाउन पोखरा नगर क्षेत्रमा रहेका विभिन्न टोलविकास संस्थाहरु नगर समन्वय समितिले सहयोग गर्ने भएका छन् । सोमवार महोत्सव स्थल अमरसिंह चौरमा आयोजना गरेको अन्तरकिया कार्यक्रममा युनाइटेड क्लवले आयोजना गर्दै आइरहेको पोखरा महोत्सवलाई विगतमा पनि सहयोग गर्दै आइरहेको र यस पटक पनि सहयोग गर्ने बताएका हुन ।

कार्यक्रममा वोल्दै टोल विकास संस्था नगर समन्वय समितिले पोखरा महोत्सव उज्जवल बनाउनमा योगदान पुर्याएकोमा धन्यवाद ज्ञापन गर्दै आएको र सबै पोखरेलीहरुको सहयोगमा आजसम्म आइपुग्दा यो वर्षदेखि पोखरा महोत्सवले पोखरालाई मात्र नभइ लेखनाथ क्षेत्रलाई समेत समेटेर अगाडि बढेको बताए । कार्यक्रममा पोखरा उपमहानगर पालिका भित्र रहेका १८ वटै वडाका टोल विकास संस्थाका अध्यक्ष सहित पदाधिकारीहरुको सहभागीता रहेको थियो भने कवकवा पदाधिकारीहरुको समेत सहभागिता रहेको क्लवका सल्लाहकार तथा महोत्सवका संघ संस्था तथा झाकी च्याली संयोजक सम्मरबहादुर श्रेष्ठले जानकारी दिए ।

महोत्सवस्थल सरसफाइपछि सामूहिक तस्वीर खिचाउदै अमरसिंह महिला समूहका पदाधिकारी तथा सदस्य ।

यसैबीच पोखरा महोत्सव आउन तीन दिन बाकी हुंदा पोखराको अमरसिंहचोकमा रहेको अमरसिंह महिला समूहले अमरसिंह क्षेत्रको सरसफाइ गरेको छ । आमा समूहले अमरसिंह क्षेत्र सबै महोत्सव स्थलको समेत सरसफाइ गरेको अमरसिंह समूहका अध्यक्ष सविता श्रेष्ठ रञ्जितले जानकारी दिए ।

महोत्सवको पूर्व सन्ध्यामा अमरसिंह चोक सगै चोक आसपासका नालाहरुको फोहोर हटाइएको रञ्जितले बताए। महोत्सवलाई सफल पार्नका लागि विगतका वर्षहरुमा पनि सहयोग गर्दै आइरहेको र छैठौं महोत्सवको पूर्व सन्ध्यामा महोत्सव स्थलका सबै अमरसिंह आसपासका क्षेत्रहरुलाई आगामी दिनमा पनि सरसफाइलाई निरन्तरता दिने रञ्जितको भनाइ रहेको थियो ।

भाटभटेनी हेल्थ क्लव र फोर्टी फाउण्डेशन भिड्ने

गोल्डेन न्युज संवाददाता
पोखरा २७ पुस ।

पाँची एस ओ एस बगर भाइखलक एट ए साइड भेटानको उपाधिका लागि भाटभटेनी हेल्थ क्लव काठमाडौं र फोर्टी फाउण्डेशन नेपाल भिड्ने भएका छन । सोमवार सम्पन्न पहिलो खेलमा एम वाई सी काठमाडौंले नखीपोट ललितपुरलाई चार शून्य गोल अन्तरले पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गर्‍यो । खेलमा एम वाइ सीको तर्फबाट तेजनारायण श्रेष्ठ र हरिहर थापाले दुई-दुई गोल गरेभने खेलमा तेजनारायण श्रेष्ठ म्यान अफ दी म्याच घोषित भए ।

त्यस्तै दोश्रो खेलमा निर्धारित समयमा कुनैपनि गोल हुन नसकेपछि टाइवेकरमा फोर्टी फाउण्डेशन नेपालले दीप युनाइटेडलाई पाँच चार गोल अन्तरले पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गर्‍यो । खेलमा फोर्टी फाउण्डेशनका गोल रक्षक गोपाल महर्जन म्यान अफ दी म्याच घोषित भए । तेश्रो खेलमा लायन्स क्लव अफ मुनाल पोखराले एफसी पोटाला हेटौडालाई २-१ गोल अन्तरले पराजित गर्‍यो । खेलमा लायन्सका तर्फबाट तेजनारायण पराजुली र सिद्धार्थ श्रेष्ठले एक एक गोल गरे भने भाटभटेनीका गोल रक्षक प्रकाश कुमार मगर म्यान अफ दी म्याच घोषित भए ।

प्रतियोगिताको पहिलो सेमी फाइनलमा फोर्टी फाउण्डेशन नेपाल र मित्र युवा क्लव काठमाडौं बीच भएको खेलमा खेल समयभित्र कुनैपनि गोल हुन नसकेपछि टाइवेकरमा फोर्टी फाउण्डेशनले भित्र युवा क्लवलाई २-१ गोल अन्तर गर्दै फाइनलमा प्रवेश गर्‍यो । खेलमा फोर्टी फाउण्डेशनका गोपाल महर्जन म्यान अफ दी म्याच घोषित भए । दोश्रो सेमी फाइनलमा भाटभटेनी हेल्थ क्लव काठमाडौंले लायन्स क्लव अफ मुनाल पोखरालाई २-० गोल अन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गर्‍यो । खेलमा भाटभटेनीको तर्फबाट उमेश लामाले दुइ गोल गर्ने सफल भए भने म्यान अफ दी म्याच पनि लामोले घोषित भए ।

रोट्याक्ट क्लब पोखराद्वारा कम्वल र टोपी वितरण

गोल्डेन न्युज संवाददाता
पोखरा २७ पुस ।

रोट्याक्ट क्लव अफ पोखरले वैशाख १२ गतेको विनासकारी भूकम्पवाट प्रभावित गोरखाको आरुआरवाड गाविसमा सहयोग प्रदान गरेको छ । उक्त गाविसको वडा नं ८ र ९ का २०५ घरपरिवारलाई १.१ थान कम्वल र उनको टोपी वितरण गरिएको क्लवका निर्वाचित अध्यक्ष तथा कार्यक्रम संयोजक निवलाल सुनारले जानकारी दिए गोरखा बजारवाट करिव ७१ किमि पुर्वमा रहेको उक्त गाविसमा भुकम्प प्रभावितहरुसंग भावि तर्फ संगीत भटगईलाई नगद, शैक्षिक सामाग्री तथा मायाको चिनो प्रदान गरे । क्लवले विगत १५ वर्षदेखि त्यस विद्यालयका उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

रुपान्तरणको निम्ति युवाहरु सकिय बनुपर्ने बताउदै हरेक काममा राज्यको भर परेर बस्न नहुने बताए ।

भुकम्पले पुऱ्याएको अपुरणीय क्षतिले देशै नै रोईरहेको बेलामा भुकम्प पीडितहरुलाई सहयोग गर्न पाउँदा अत्यन्तै हर्षित भएको बताए । कार्यक्रममा क्लवका पूर्व अध्यक्षहरु दिपक तिवारी, अर्जुन खनाल, स्थानीय सामाजिक व्यक्तित्व अमृता गुरुङ, वासुकि अध्यक्ष लामिछानेलें समाज निर्माविका प्राचार्य लगायतले क्लवको सामाजिक कार्यको प्रशंसा गरेका थिए । कार्यक्रममा स्थानीय वासुकी निवासिको खेलकुद सामग्रीका लागि क्लवले नगद सहयोग समेत प्रदान गरेको छ । कार्यक्रममा रोटरी क्लव अफ किसारुङ ईष्ट जापानले विशेष सहयोग प्रदान गरेका थिए । चिसोले कठ्याङ्ग्रिएर गाउँमा ६० वर्षीय लालबहादुर वरालको मृत्यु भएको थियो ।

नेशनल प्याल्सानद्वारा पुराना विद्यालय सम्मानित

गोल्डेन न्युज संवाददाता
पोखरा २७ पुस ।

नेशनल प्याल्सान कास्कीले संस्थामा आवद्ध ज्येष्ठ विद्यालयलाई सम्मान गरेको छ । नेशनल प्याल्सानको स्थापना दिवसको अवसरमा पारेर प्याल्सान कास्कीले ती विद्यालयलाई सोमवार सम्मान गरेको हो । सम्मानित हुने विद्यालयहरुमा अस्पकोट्टे स्कूल, आदर्श बोर्डिङ स्कूल, सिद्धिविनायक बोर्डिङ ईडिलस स्कूल र गोखा बोर्डिङ स्कूल रहेका छन् ।

सम्मानित विद्यालयहरुलाई कार्यक्रमका प्रमुख अतिथि जिल्ला शिक्षा कार्यालय कास्कीका जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद अधिकारी, नेशनल प्याल्सान कास्कीका अध्यक्ष रामबहादुर मोची, सल्लाहकार रामप्रसाद शमलि संयुक्त रुपमा ती विद्यालयका संस्थापक प्रिन्सिपलहरु प्रशंशा पत्र र दोसल्ला ओढाई सम्मान गरेका थिए ।

यसैगरी, नेशनल प्याल्सान कास्कीले सामाजिक उत्तरदायित्व अन्तर्गत संस्थाको वरिपरि रहेका छिमेकीलाई सरसफाई सम्बन्धि अभिमुखीकरण तालिम दिएको थियो तालिममा संस्था वरपर रहेका महिलाहरुको उल्लेख्य सहभागिता रहेको थियो । तालिमको पोखरा उप-महानगरपालिकाको सातवटा अधिकृत निर्मलमान सिंह भण्डारी र मुल्याङ्कन तथा अनुगमन अधिकृत हरि न्यौपानेले सहजिकरण गरेको थिए । कार्यक्रममा वोल्दै प्रमुख अतिथि कास्कीका जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद अधिकारीले संस्थागत विद्यालय नाफामुखी भन्दा पनि सेवामुखी हुनु पर्नेस्थागत विद्यालयपति समाजमा आएको बहस र छलफल सुन्नेहो भने संस्थागत विद्यालयमा लगानि गर्नेले पैसा कमाएको भन्ने आवज आउने गर्दछ उनले भने-यस्ता कुराहरुलाई चिर्न यस संस्थले उदाहरणीय काम गरेर देखाउनु पर्दछ।

संस्थागत विद्यालयमा लगानजी गर्नेले लगानी र जवानी यसैमा समर्पित गरेकोले यस क्षेत्रलाई मजवुद र अगामी वनाउदै अगाडि बढाउन उनले सुझाव दिए। उनले संस्थाले सामाजिक उत्तरदायित्व वहन गर्दै शिक्षाको क्षेत्रमा पुऱ्याएको योगदान स्मरणिय भएको वताए। कार्यक्रममा नेशनल प्याल्सानका केन्द्रिय वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्रमोहन भट्टराईले स्कुलवाट जगिएको यो संस्था डेरा हुदै आफ्नै भवनमा आईपुग्दा आफू हर्षित भएको वताए। नेशनल प्याल्सान कास्कीका सल्लाहकार रामप्रसाद शर्माले गुणस्तरीय शिक्षा लिन विदेश जाने परम्परालाई संस्थागत विद्यालयले तोड्नु पर्ने उल्लेख गरे। नेशनल प्याल्सान कास्कीका अध्यक्ष रामबहादुर मोचीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा उपाध्यक्ष शिवदत्त तिवारीले स्वागत र सांचव केशवशरण पौडेलले कार्यक्रम सञ्चालन गरेका थिए। सात विद्यालयवाट स्थापना गरेको यस संस्थामा हाल ४५ विद्यालय आवद्ध रहेका छन्।

छात्रवृत्ति प्रदान

गोल्डेन न्युज संवाददाता
पोखरा २७ पुस ।

पोखराको वाटुलेचौरमा रहेको हिमालय क्लवले विन्ध्यवासिनी उच्च माविका विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको छ । विद्यालयको ६९ औं वार्षिकोत्सवका अवसरमा क्लवले उत्कृष्ट तीन जना विद्यार्थीलाई २ हजार ९ सय रुपैयाँ वितरण गरेको हो । क्लवका अध्यक्ष जिवनारायण श्रेष्ठ र द्वितीय उपाध्यक्ष गीतवहादुर खड्कले प्रति तर्फ नम्रता लामा, निर्माचि तर्फ अस्मिता बुढामगर र माचि तर्फ संगीता भटराईलाई पुरस्कृत गरेका थिए । विद्यालयको अध्यक्ष मन्जु लामिछानेले बताए । कार्यक्रममा एक लाख पचास हजार बराबरको सामाग्री हस्तान्तरण गरिएको थियो । कार्यक्रममा वोल्दै अध्यक्ष लामिछानेले समाज व्यक्तित्व अमृता गुरुङ, वासुकि निवासिका प्रधानाध्यापक लगायतले क्लवको सामाजिक कार्यको प्रशंसा गरेका थिए । कार्यक्रममा स्थानीय वासुकी निवासिको खेलकुद सामग्रीका लागि क्लवले नगद सहयोग समेत प्रदान गरेको छ । कार्यक्रममा रोटरी क्लव अफ किसारुङ ईष्ट जापानले विशेष सहयोग प्रदान गरेका थिए । चिसोले कठ्याङ्ग्रिएर गाउँमा ६० वर्षीय लालबहादुर वरालको मृत्यु भएको थियो ।

वार्गेनिङ...

नभए उपसभापति र त्यो पनि नभए संसदीय दलको नेता चन्दै प्रधानमन्त्रीको उम्मेदवार बन्ने रहेको निकटस्थ बताउँछन् ।

***६ डा. रामशरण महत** : भर्खरै मात्रै सफल अर्थमन्त्रीका रूपमा अन्तर्राष्ट्रिय अवाई पाएका केन्द्रीय सदस्य महतले शुक्रवार मात्रै विराटनगरमा सञ्चारकर्मीसँग आफू सभापतिका लागि शेरबहादुर उम्मेदवार भएको बताइसकेका थिए । पार्टीको महाधिवेशनमा उनी सभापतिका लागि शेरबहादुरको साथ दिँदै आएका थिए ।*

***अब विवाद मिल्यो** : नेपाली कांग्रेसमा समस्याका रुपमा देखिएको कियाशील सदस्यता विवाद कांग्रेस पदाधिकारी बैठकले समाधान गरेको छ । सभापति सुशील कोइराला निवास महाराजगन्जमा बसेको पदाधिकारी बैठकले विभिन्न जिल्लाका नेता कार्यकर्ताले कियाशील सदस्यताका सम्बन्धमा आआफ्ना माग राखेको अनशनलाई सम्बोधन गर्ने गरी सो निर्णय गरेको हो । बैठकले कैलाली, सोलुखुम्बु र रौतहट क्षेत्र नं ४ का नयाँ सबै कियाशील सदस्यतालाई हाललाई स्थगन गर्ने निर्णय गरेको छ, यद्यपि त्यस्ता सदस्यले हाललाई मतदान अधिकारबाहेक सबै सुविधा पाउने छन् । ती जिल्ला र क्षेत्रमा १२औं महाधिवेशनमा कायम कियाशील सदस्यतले मात्र १२औं महाधिवेशनमा भाग लिन पाउने निर्णय गरिएको बैठकमा सहभागी एक नेताले बताए ।*

डोल्पाका सभापति सभापति टङ्गप्रसाद उपाध्यायले राखेको मागका सम्बन्धमा भने बैठकले हाललाई १०० नयाँ कियाशील सदस्यता मात्र सदर गर्ने र बाँकीलाई हाललाई बदर गर्ने निर्णय गरिएको बताइएको छ । विवाद समाधानका लागि केन्द्रीय सदस्य नरहरि आचार्यको संयोजकत्वमा यसअघि पार्टीले गठन गरेको समितिका सदस्य रामकृष्ण यादवले अहसमति जनाएका जिल्ला र क्षेत्रका विवादित कियाशील सदस्यताका सम्बन्धमा गिरिजाप्रसादको विरासत कायम राखका लागि आफू सभापतिमा उम्मेदवारी दिने बताउदै आएकी छन् । त्यति मात्र होइन, उनले वर्तमान सभापति सुशील कोइराला उम्मेदवार नहुने अवस्थामा मात्रै आफ्नो दावेदारी सभापतिमा हुने समेत बताए पदका लागि वार्गेनिङ गरेको भन्ने पृष्ठ पनि आफैं गरेकी छन् । सकेर महामन्त्री नभए उपसभापति वनुपर्छ भन्ने उनको दाउ रहेको कार्यकर्मीसँग आफू बताइसकेकी छन् ।

बैठकमा बोल्ने अधिकाश पदाधिकारीले सबै नयाँ सदस्यता कि सदर कि बदर हुनुपर्ने धारणा राखेका थिए ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा आआफ्ना माग राखी विभिन्न जिल्लाका नेता कार्यकर्ताले अनशन सुरु गरेका छन् । कांग्रेस डोल्पाका सभापति टङ्गप्रसाद उपाध्याय आफूले कियाशील भरेर पठाएको सदस्यतालाई हुबहु लागु गर्नु पर्ने अडानका साथ १८ दिनदेखि आमरण अनशन बसेका छन् ।

यसैगरी कांग्रेसका केन्द्रीय सदस्य बलबहादुर केसी सोलुखुम्बु पार्टी सभापति आङ्ग्दु शेर्पाले एकलौटी ढङ्गले विधि, विधान र नियमावलीलाई मिचेर कियाशील सदस्यता वितरण गरेको भन्दै १६ दिनदेखि रिले अनशन बसेका छन् । त्यस्तै रौतहटका केन्द्रीय सदस्य सो अफ्ताफ आलम रौतहट पार्टी सभापति कृष्ण यादवले रौतहटको निर्वाचन क्षेत्र नं ४ का क्षेत्रीय सभापतिलाई जानकारी नगराई कियाशील बाँडेको भन्दै १५ दिनदेखि रिले अनशनमा छन् । केसी र आलमले अनशन थालेको केही दिनपछि सोलुखुम्बु र रौतहटका पार्टी सभापतिले आफूले कैनुलाई बभ्राएको सम्झौताई नै अधिकांशता विगुर्ने भन्दै रिले अनशन थालेका थिए ।

त्यस्तै कैलाली कांग्रेस सभा पक्षका नयाँ कियाशील सदस्यता नियतबश सदर नगरिएको भन्दै संस्थापन पक्षका नेताहरुले यही पुस २३ गतेदेखि रिले अनशन सुरु गरेका थिए । त्यसको केही दिनपछि नै कैलाली कांग्रेस कार्यालयमा शेरबहादुर देउवा पक्षका भनिने नेता कार्यकर्ताले त्यस विपरीत माग गर्दै अनशन सुरु गरेका छन् कांग्रेस पदाधिकारीको यो निर्णयसँगै सबैखाले अनशन समाप्त हुने पार्टी कार्यालयले जनाएको छ ।

नेपाल पराजित

गोल्डेन न्युज संवाददाता
पोखरा २७ पुस ।

अफगानिस्तानविरुद्धको पहिलो अभ्यास खेलमा ८३ रनले पराजित भएको छ नयाँ दिल्लीमा सोमवार दिउँसो भएको खेलमा वर्षाले मैदान भिजेपछि ४५ ओभरमा छोट्याइएको थियो। २३२ रनको लक्ष्य पछ्याउदै व्याटिङमा उत्रिएको नेपालले ४४ओभर १ वलमा सबै विकेट गुमाउँदा १४९ रन मात्रै बनाउन सक्यो शंकर रानाले ७७ र विपेश सिंह रौतीले ४० रन बनाए पनि जितका लागि पर्याप्त हुन सकेन। टस जितेर पहिले व्याटिङ गरेको अफगानिस्तानले ४५ ओभरमा आठ विकेट गुमाएर २३२ रन बनाउदै नेपालले २३३रनको चुनौति दिएको थियो। आरिफ शेख र सन्दिप लामिछानेले समान ३-३विकेट लिए भने सुशील कंडेल र प्रेम तामाडले १-१ विकेट लिए।

तालिका परिवर्तन

गोल्डेन न्युज संवाददाता
पोखरा २७ पुस ।

बङ्गलादेश फुटवल संघले जारी गरेको ताजा रैंकिङमा बङ्गलादेश १ स्थानले माथि उक्लिएको छ भने नेपाल ४ स्थानले झरेको छ । यसैबीच